# माध्यमिक तह (कक्षा ११ र १२) निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०७९

## शितगंगा नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# माध्यमिक तह (कक्षा ११ र १२) नि:शुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०७९

**नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०६/०८**

**प्रस्तावना:-** शितगंगा नगरपालिका अन्तर्गत माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालित विद्यालयहरुमा नि:शुल्क शिक्षा व्यवस्थापन गरी नेपालको संविधानको धारा ३१ को उपधारा २ मा उल्लेखित प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकलाई कार्यान्वयन गर्नको लागि शितगंगा नगरपालिकाको शिक्षा ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम माध्यमिक तह (कक्षा ११ र १२) नि:शुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

ख) यो कार्यविधि शितगंगा नगरपालिका भरी लागू हुनेछ ।

ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) “ऐन” भन्नाले शितगंगा नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले शितगंगा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगर शिक्षा समिति” भन्नाले नगर शिक्षा ऐन बमोजित गठित शितगंगा नगर शिक्षा समिति लाई सम्झनु पर्दछ ।

घ) “शाखा” भन्नाले शितगंगा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) “स्थानीय” तह भन्नाले शितगंगा नगरपालिका सम्झनु पर्दछ ।

## ३. उद्देश्य:

यो कार्यविधि जारी गर्नुको उद्देश्य देहायअनुसार रहेको छ ।

क) नेपालको संविधान ले व्यवस्था गरेको माध्यमिक तहको शिक्षा लाई नि:शुल्क बनाउनु,

## ४. अपेक्षा

क) शितगंगा नगरपालिका भित्र सञ्चालित माध्यमिक विद्यालय (कक्षा ११ र १२) लाई निःशुल्क बनाई विद्यार्थीको पहुँच अभिवृद्धि गर्ने,

## ५. बजेट र सिमा

क) शितगंगा नगरपालिकाको नगर सभाबाट स्वीकृत बजेटको सिमा नै बजेटको सिमा हुनेछ ।

ख) नगरसभाबाट अनुमोदन हुने गरी कार्यपालिकाले बजेट थप गर्न सक्नेछ ।

**६. निःशुल्क शिक्षाका आधारहरु:** कक्षा ११ र १२ मा निःशुल्क शिक्षा प्रदान गर्ने आधारहरु देहायका हुनेछन् ।

क) नेपाल सरकार बाट कक्षा ११ र १२ सञ्चालनको लागि स्विकृति प्राप्त गरेको ।
ख) विद्यालयको विद्यार्थी संख्या ।
ग) विद्यालयको मौजुदा दरबन्दी संख्या ।
घ) कक्षा ११ र १२ मा तोकिएको समयमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या ।
ङ) विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरुको विवरण IEMIS मा अद्यावधिक गरेको रेकर्ड ।

## ७. अनुदान सम्बन्धी व्यवस्था

नगरपालिकाले माध्यमिक तह कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाई तपसिलको अनुदान प्रदान गर्नेछ ।

### ७.१ विद्यालयको लागि एकमुष्ठ अनुदान

- नगरपालिकाले कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाई एकमुष्ठ रुपमा अनुदान दिन सक्नेछ । एकमुष्ठ अनुदानको रकम नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

### ७.२ विद्यार्थी संख्याको आधारमा अनुदान

- नगरपालिकाले कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाई विद्यालयले iemis मा अद्यावधिक गरेको विद्यार्थी संख्या र विद्यालयले नगरपालिकामा प्रमाणित गरी पठाएको विद्यार्थी संख्यालाई भिडाई विद्यार्थी संख्याको आधारमा अनुदान दिन सक्नेछ ।

### ७.३ शिक्षक दरबन्दी सम्बन्धी व्यवस्था

- नगरपालिकाले निःशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनार्थ उच्च माध्यमिक तहमा २ वटा दरबन्दी प्राप्त गरेका विद्यालयहरुको लागि १ वटा शिक्षक दरबन्दी थप गर्ने र कुनै पनि दरबन्दी प्राप्त नगरेका विद्यालयको लागि २ वटा दरबन्दी थप गर्न सक्नेछ । सोको निर्णय नगरकार्यपालिकाले गर्नेछ ।

*नोट :- माथि उल्लेख गरेका अनुदान सम्बन्धी व्यवस्थाहरुमध्ये सबै अनुदान एकै पटक लागू गर्न र आवश्यकताको आधारमा एक मात्र अनुदान कार्यान्निवयन गर्न पनि सक्नेछ । सो को निर्णय नगरकार्यपालिकाले गर्नेछ ।*

**८. विद्यालयले शुल्क लिन नपाउने**

- नगरकार्यपालिकाबाट कार्यविधि पास भएको मितिपछि नि:शुल्क शिक्षा सम्बन्धी अनुदान प्राप्त गरेका विद्यालयहरुले विद्यार्थीहरुबाट कुनै पनि शीर्षकमा शुल्क लिन पाउने छैनन् तर परीक्षा, रजिष्ट्रेशन शुल्क र राज्यलाई तिर्नुपर्ने कर सम्बन्धी शुल्क भने विद्यार्थी स्वयमले नै बुझाउनु पर्नेछ ।
- कक्षा ११-१२ का पाठ्यपुस्तकको व्यवस्था विद्यालयमा पुस्तकालय स्थापना गरी आवश्यकता अनुसार विद्यालयले गर्नेछ ।

**९. अनुगमन सम्बन्धी व्यवस्था**

- कार्यक्रमको अनुगमन शितगंगा नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा बाट गरिनेछ ।
- सचिवालय हुने गरी **अनुसूची १** अनुसार अनुगमन समिति हुनेछ ।

**१०. लेखापरीक्षण सम्बन्धी व्यवस्था**

- प्रत्येक वर्ष विद्यालयले गर्ने सामाजिक लेखापरीक्षण सँगै यस अनुदानको पनि सा.ले.पा. हुनेछ ।
- नगरपालिकाबाट प्राप्त हुने अनुदानको लेखापरीक्षण प्रत्येक वर्ष विद्यालयले तोकिएको लेखापरीक्षकबाट गराउनु पर्नेछ । लेखापरीक्षण नगराउने विद्यालयहरुको अनुदान रोक्का हुनेछ ।

**११. बाधा अड्काउ फुकाउ**

यस कार्यविधि अनुसारको कार्यान्वयनमा केही बाधा अड्काउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

**अनुसूची - १**

**माध्यमिक शिक्षा (कक्षा ११-१२) नि:शुल्क शिक्षा सम्बन्धी अनुगमन समिति देहाय बमोजिम हुनेछ ।**

नगर प्रमुख - संयोजक

नगर उप-प्रमुख - सदस्य

प्र.प्र.अधिकृत - सदस्य

सामाजिक विकास समितिको संयेजक - सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**प्रमाणित मितिः- २०७९/०६/०८**

आज्ञाले
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत